जरुरी सूचना

# कक्षा ७ का खोपहरू

आदरणीय अभिभावकज्यू

तपाईंको बच्चाको विद्यालयमा वेलिङ्टन–डफरिन–ग्वेल्फ पब्लिक हेल्थका स्वास्थ्यकर्मीहरूआई हाल तथा भविष्यमा तपाईंको बच्चालाई सुरक्षित राख्न मद्दत गर्ने तीनवटा महत्त्वपूर्ण खोपहरू प्रदान गर्नुहुनेछ:

**1 मेनिन्गोकोकल खोप**

यो खोपले मस्तिष्क तथा मेरुदण्डलाई असर गर्न सक्ने गम्भीर संक्रमण **मेनिन्जाइटिस** का चारवटा सामान्य प्रकारबाट सुरक्षा प्रदान गर्दछ।

**2 हेपाटाइटिस बी**

यो खोपले हेपाटाइटिस बी भाइरसका कारण हुने कलेजोको रोग तथा कलेजोको क्यान्सरबाट बचाउन मद्दत गर्दछ।

**3 एचपीभी**

यो खोपले एचपीभीका नौवटा सामान्य प्रकारहरूबाट सुरक्षा प्रदान गर्दछ, जसले टाउको, घाँटी तथा जननाङ्ग क्षेत्रका क्यान्सरहरू साथै जननाङ्गमा हुने मुसा (Genital warts) निम्त्याउन सक्छन्।

यी सबै खोपहरू सुरक्षित हुनुका साथै गम्भीर रोगहरूबाट पनि सुरक्षा प्रदान गर्छन्, र तपाईंको बच्चाले विद्यालय शिक्षा पूरा गरेपछि अध्ययन गर्ने, काम गर्ने, यात्रा गर्ने वा खेलकुदमा सहभागी हुनका लागि पनि यी खोपहरू आवश्यक पर्न सक्छन्। तपाईंको बच्चा विद्यालयमा अध्ययनरत रहँदासम्म यी खोपहरू निःशुल्क उपलब्ध हुने भएकाले यी खोपहरू लगाउन म हार्दिक अनुरोध गर्दछु।

जनस्वास्थ्यकर्मीहरू विद्यालयमा आउनुहुनेछ। ____________ ____________

कृपया सकेसम्म छिटो आफ्नो बच्चाका लागि **अनलाइन सहमति फाराम** (Consent form)भर्नुहोस्, ताकि तपाईंको बच्चाले यी खोपहरू लगाउन पाउने/नपाउने कुरा जनस्वास्थ्यकर्मीहरूलाई थाहा होस्।

**म सहमत छु।**

यदि तपाईंलाई कुनै प्रश्न छन् वा सहमति फाराम भर्न सहयोग चाहिन्छ भने, कृपया 1-800-2657-293 **एक्सटेन्सन 7006** मा फोन गरी जनस्वास्थ्यकर्मीसँग कुरा गर्नुहोस्। तपाईंले प्रत्येक खोपका बारेमा थप जानकारी प्राप्त गर्न विभिन्न भाषाहरूमा उपलब्ध हाम्रो जानकारी पुस्तिका **(Fact Sheets)** हेर्न सक्नुहुन्छ। ती जानकारी पुस्तिकाहरू wdgpublichealth.ca/immunizegr7 मा उपलब्ध छन्।

हाम्रा विद्यालयहरूलाई स्वस्थ तथा सुरक्षित राख्न सहयोग गर्नुभएकोमा धन्यवाद।

आदरपूर्वक,

**डा. निकोला मर्सर, MD, MBA, MPH, FRCPC, C.Dir.**

जनस्वास्थ्य चिकित्सा अधिकारी तथा प्रमुख कार्यकारी अधिकृत